जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक १४ २०७९ साल कात्तिक २७ गते आइतवार (13 Nov 2022 Sunday) मूल्य रु. ७/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** 'नो नट अगेन' कि 'वान्स ... **पृष्ठ ३ मा :** नेकपा एमाले-जसपा गठबन्धनका ... **पृष्ठ ४ मा :** सतारुढ गठबन्धन सप्तरी ... **पृष्ठ ५ मा :** समावेशी मुद्दामा दल ...

# सप्तरी २ मा किल्ला जोगाउन र भत्काउन अन्तिम प्रयास जारि

**"यहाँ मुख्य प्रतिस्पर्धामा सत्तारुढ गठबन्धनका उम्मेदवार लोसपाका केन्द्रीय सदस्य जयप्रकाश ठाकुर, जनमतका राष्ट्रिय अध्यक्ष डा. सिके राउत तथा जसपा-एमाले गठबन्धनका उम्मेदवार जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव देखिएका छन्। यस क्षेत्रमा ४ स्वतन्त्र सहित १६ जना चुनावी मैदानमा भएपनि उनीहरुको खासै चर्चा देखिएको छैन। यस क्षेत्रमा कुल ९५ हजार ३ सय ९४ मतदाता छन्। स्थानीय तहको निर्वाचनमा यस क्षेत्रमा ती मध्ये ६४ प्रतिशत अर्थात करिब ६२ हजार मत खसेको थियो।"**







**राजविराज**/मौन अवधिको समय सुरु हुन अब पाँच दिन मात्र बाँकी छ। यसरी मौन अवधी नजिकिदै गर्दा उम्मेदवारहरु मत आफ्नो पक्षमा पार्न अन्तिम प्रयासमा जुटेका छन्।

मंसिर ४ मा हुने प्रदेश तथा प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम प्रचारप्रसार गर्ने अवधि मंसिर १ गतेसम्म मात्र भएकाले उनीहरुको दौडधुप बढेको हो।

७२ घण्टे मौन अवधि शुरु हुनु अघि नै उम्मेदवारहरुले मतदातालाई आफ्नो पक्षमा पार्न अन्तिम प्रयास स्वरुप रिझाउन रोड शो, चुनावी सभा देखि घरदैलो कार्यलाई तीब्र बनाएका छन्।

सप्तरीमा प्रतिनिधिसभाको चार र प्रदेशसभाको आठ पदका लागि निर्वाचन हुन लागेपनि सबैको चासो र चर्चाको मुख्य केन्द्र क्षेत्र नं. २ नै बनेको छ।

यहाँ मुख्य प्रतिस्पर्धामा सत्तारुढ गठबन्धनका उम्मेदवार लोसपाका केन्द्रीय सदस्य जयप्रकाश ठाकुर, जनमतका राष्ट्रिय अध्यक्ष डा. सिके राउत तथा जसपा-एमाले गठबन्धनका उम्मेदवार जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव देखिएका छन्।

यस क्षेत्रमा ४ स्वतन्त्र सहित १६ जना चुनावी मैदानमा भएपनि उनीहरुको खासै चर्चा देखिएको छैन। यस क्षेत्रमा कुल ९५ हजार ३ सय ९४ मतदाता छन्। स्थानीय तहको निर्वाचनमा यस क्षेत्रमा ती मध्ये ६४ प्रतिशत अर्थात करिब ६२ हजार मत खसेको थियो।

यसपल्ट पनि स्थानिय तह कै तुलनामा मत खस्ने अनुमान गरिएको छ। तीन वटै उम्मेदवार बीच कडा टक्कर देखिएकाले चुनाव जित्न कम्तिमा २२ हजार मत कटाउनु पर्ने संसदीय निर्वाचनलाई नजिकबाट नियालिरहेका राजनितिक विषलेशकहरु बताउदै आएका छन्।

यहाँको निर्वाचन परिणामलाई जातिय मतले समेत उलटफेर गर्ने गरेको विगतको निर्वाचन परिमाणले देखाएको छ। यसपल्ट पनि अन्तिम चरणमा सो समिकरण दोहोरिने अनुमान गरिएको राजनीतिक विश्लेषकहरु बताउँछन्।

२०७४ को निर्वाचनमा यस क्षेत्रबाट तत्कालिन राजपा र काँग्रेस समेतको साथ पाएर संघीय समाजवादी फोरम नेपालबाट उम्मेदवार बनेका उपेन्द्रले जित हात पारेका थिए। तर, यस पल्ट गठबन्धन र परिस्थिति दुवै फेरिएको छ। त्यतिबेला उपेन्द्रलाई सघाएका तत्कालिन राजपा र काँग्रेस अहिले विपक्षमा उभिएका छन्। अहिले ती दुवै दलको साथ गुमाएका उपेन्द्रको एमालेसँग गठबन्धन भएको छ भने तत्कालिन राजपा वर्तमानको लोसपा, काँग्रेस, माओवादी, एकिकृत समाजवादी लगायतका दलको गठबन्धन तर्फबाट साझा उम्मेदवार बनेका छन् लोसपाका जयप्रकाश ठाकुर।

उपेन्द्रकै पालिका पर्ने महादेवा गाउँपालिकाका वासिन्दा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउतको उम्मेदवारी उपेन्द्रका लागि टाउको दुखाई बनेको छ। सत्तारुढ गठबन्धनका उम्मेदवार ठाकुरले चुनौती दिइरहेका बेला आफ्नै पालिकाका अर्का उम्मेदवार डा. राउतको उपस्थितिले उनलाई थप दवाव परेको छ।

अर्कोतर्फ नागरिकता विधेयक लगायत मधेश प्रदेशलाई असफल बनाउने अभियानमा लागेका एमालेसँगको गठबन्धनले उपेन्द्रलाई झन गाह्रो बनाएको स्थानीयवासी अजित ठाकुरको भनाई छ।

राजविराज नगरपालिका सहित महादेवा, छिन्नमस्ता र तिलाठी गाउँपालिका पर्ने यस क्षेत्रमा पछिल्लो स्थानीय तहको निर्वाचनमा दुई पालिकामा लोसपा र एक/एक पालिकामा काँग्रेस तथा जसपाले प्रमुख पद जितेको छ।

मतदातालाई आफ्नो पक्षमा ल्याउन घरदैलो अभियानलाई तिब्र बनाएका डा. राउत वर्षोदेखि सत्तामा हालीमुहाली गरिरहेका एमाले, काँग्रेस, माओवादी, जसपा लगायतका दलले अघि सारेका एजेन्डा उनीहरुको सत्तामा पुनरागमनका लागि मात्र भएको बताउँछन्।

डा. राउतका लागि आगामी राजनीतिक भविष्यका दृष्टिले पनि यो चुनाव महत्वपूर्ण देखिन्छ। पछिल्लो स्थानीय तहको निर्वाचनमा उनको सांगठनिक मत कमजोर देखिएपनि अहिले उनको क्रेज र प्रभाव दिनानुदिन बढ्दै गएको कार्यकर्ताहरु बताउँछन्। 'डा. राउतको छवि, किसान आन्दोलन र भ्रष्टाचार विरोधी अभियानका कारण जनमतको लहर नै चलेको छ, जनमतका स्थानीय नेता थानेश्वर साह भन्छन् - 'डा. राउत ठुलो मतान्तरले जित हात पार्नेमा ढुक्क छौ।'

डा. राउतले भ्रष्टाचार र महँगी नियन्त्रण, किसानको समस्या समाधान, युवालाई रोजगारी तथा शिक्षा र स्वास्थमा सुधार लगायतका विषयलाई प्रमुख चुनावी एजेण्डा बनाएका छन्।

२०७४ मा चुनाव जितेका उपेन्द्र यसपल्टको निर्वाचनमा पनि जित दोहोऱ्याउने दावी गर्छन्। विगतमा आफुले यस जिल्लाको विकासका लागि धेरै काम गरेको कारण जित्ने उनको दावी छ। जनताले परिवर्तन र विकास चाहेका छन्। मैले ती दुवै क्षेत्रमा काम गरेकाले जनताले फेरि पनि चुन्नेमा विश्वस्त छु, उनले भने। उनले यस क्षेत्रमा नर्सिङ्ग कलेज, गजेन्द्र नारायण सिंह अस्पतालमा सुधार, विभिन्न सडक सञ्जालको विस्तारका साथै कृषि विश्वविद्यालय, इन्जिनियरिङ्ग कलेज र रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतको संरचना निर्माणको कार्यको शुरुवात गरेकोले मतदाताले फेरि पनि मौका दिने दावी गरे। उनले सप्तरीलाई शैक्षिक र स्वास्थ्य केन्द्रको रुपमा विकास गर्ने योजना सहित मतदातासँग सहयोगका लागि आग्रह गर्ने गरेका छन्।

हालै सम्पन्न पालिका चुनावमा प्राप्त मतको आधारमा सत्तारुढ गठबन्धनका साझा उम्मेदवार ठाकुर, उपेन्द्रभन्दा दोब्बर र डा. राउतभन्दा तेब्बर मतले अगाडि देखिन्छ। तर स्थानीय तह निर्वाचनमा प्राप्त मत संसदीय चुनावमा पनि कायम रहला नरहला भन्ने कुरा यकिन गर्न कठिन रहेको स्थानिय मतदाताहरु बताउँछन्। सत्तारुढ गठबन्धनका उम्मेदवार ठाकुर भन्छन् 'गठबन्धनभित्र कुनै समस्या छैन, एक ढिक्का भई अघि बढेकाले फराकिलो मतान्तरले जित हासिल गर्ने छौ।'

२०७० को संविधानसभा र २०७४ को प्रतिनिधिसभामा यही क्षेत्रबाट थोरै मतले पराजित भएका ठाकुर यसपल्ट सत्तारुढ गठबन्धनका साझा उम्मेदवार भएकाले तेश्रो प्रयासमा सफल हुने विश्वासमा छन्। उनी विकास र रोजगारीलाई प्रमुख चुनावी मुद्दा बनाएका छन्।

तीनै उम्मेदवारले एक अर्काको मत तान्ने प्रयास जारि राखेको बेला मतदाता भने खुलेर बोल्न चाहेका छैनन्। बोल्ने केही मतदाताको पनि प्रारम्भिक रुझानलाई हेर्दा पनि यिनै तीन नेता बीच कडा प्रतिस्पर्धा देखिन्छ। यी तिन मध्ये जसले जिते पनि मतान्तर संख्या भने एक हजारदेखि दुई हजार बिचमा मात्र रहने अधिकांश मतदाताको आकलन छन्। तर, परिणाम कसको पक्षमा जाला भन्ने जिज्ञासा शान्त पार्न मंसिर ४ लाई पर्खिनु नै पर्ने भएको छ।

**लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार।**

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### घोषणा-पत्र घोषणाका लागि मात्र की कार्यान्वयनका लागि !

मंसिर ४ गते हुने प्रतिनिधि र प्रदशेसभा निर्वाचनका लागि उम्मेदवारहरुले आफू निर्वाचित भएपछि गर्ने कामहरुको विस्तृत विवरण घोषणा पत्र मार्फत सार्वजनिक गर्ने गरेका छन् । निर्वाचनको समय नजिकिदै जाँदा अहिले सप्तरीमा विभिन्न दलका उम्मेदवारहरुद्वारा आ-आफ्नो चुनावी घोषणा पत्र जारि गर्न होडबाजी नै चलेको छ । मतदातालाई लोभ्याउन उनीहरुले आफू चुनाव जिते विभिन्न विकासी कार्यलाई नै प्राथमिकतामा राखेका छन् । त्यस्तै विकासपछि शिक्षा र स्वास्थ्य क्षेत्रलाई समेत समेटेका छन् । पुनः उम्मेदवारी दिएकाहरुले आफ्नो घोषणा पत्रमा विगतमा गरेको कार्यलाई समेत समेट्न भ्याएका छन् ।

जिल्लाका विभिन्न दलका उम्मेदवारहरुले सार्वजनिक गरेका घोषणा पत्रमा खासै नयाँ र नौलो मुद्दालाई प्राथमिकतामा राख्न सकेका छैनन् । अधिकांश प्रतिबद्धता सबै दलको साझा नै छ । नगरलाई सफा राख्ने, स्वास्थ्य सेवालाई बिस्तार गर्ने, गुणस्तरि शिक्षा प्रदान गर्ने, सडक, नाला, ढल निकासको प्रबन्ध मिलाउने जस्तो प्रतिबद्धता पुरानै हो । पहिलो पटक जितेका जनप्रतिनिहरुले यस्ता विषयमा काम नगरेकै हो त ? हो भने घोषणा पत्रमार्फत पुनः किन दोह्याएको त !

तसर्थ कुनै पनि घोषणा पत्र सार्वजनिक गर्दा चुनाव जितेपछि त्यसलाई अक्षरत पालना गर्न सक्ने आठ राख्नु पर्छ । यस्तो परिपाटीलाई अब आउने नयाँ जनप्रतिनिधीले सच्याएर अघि बढ्नु नै उनीहरुको हीतमा रहने छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'नो नट अगेन' कि 'वान्स मोर अगेन ?'



“ 'नो नट एगेन' अभियानले आत्मसमीक्षाको अवसरसमेत दिएको छ । लोकतन्त्रमा कोही नेता पनि अप्रश्नीय बन्नु हुँदैन । म पनि प्रश्नको घेरमा छु है भन्ने हेक्का नेतागणले सदैव राख्नुपर्छ ।

सञ्जिव कार्की

कतिपय रचनात्मक अभियान र नारा कतिपयको लागि टाउको दुखाइको विषय बन्छ । सामाजिक सञ्जाल विभिन्न प्रयोगको स्थल हो, त्यहाँ हुने अनेक प्रयोगले मान्छेको जनजीवनलाई प्रत्यक्ष 'टच' गर्छ । मर्नु न बाँच्नुको स्थितिदेखि देह त्यागसम्मको अप्रिय अवस्था हुँदै मर्न मन गरिसकेकालाई बाँच्न प्रेरणा दिनेसम्मका घटनाको साक्षी, भोक्ता र दर्शक बनाउँछ ।

सोसल मिडियालाई 'डाइरेक्ट डेमोक्रेसी'को अभ्यास स्थलसम्मको परिचय प्रदान गरिन्छ । ताजा जनमत बुझ्न सामाजिक सञ्जालको भित्तो चिहाउँदा सार्वजनिक रूपमा उठेका विषय र प्रसंगबारे सत्यको नजिक पुग्न सकिने अनुभव धेरै छ । यसर्थ आजको प्रजातन्त्र सामाजिक सञ्जालको भित्तोमा प्रतिबिम्बित हुन्छ भन्दा अन्यथा नहोला ।

प्रसंग 'नो नट एगेन' को हो । चुनावको सन्दर्भमा हालै प्रारम्भ भएको 'नो नट एगेन'को पेजले राजनीतिमा तरङ्ग उत्पन्न गरिदियो । पुराना, टेस्टेड र पार्टीको उपल्लो निकायदेखि पटक पटक सांसद, मन्त्री र प्रधानमन्त्री भइसकेका नेताहरूबारे यो पेजले जे बोल्यो, जे भन्यो, त्यसले सबै पार्टीका नेतागणलाई झस्कायो । मानौं चुनाव अघि नै परिणाम घोषणा गरिएझैं बनायो ।

त्यसैले यो अभियान अर्थात् 'नो नट एगेन'लाई अफवाह फैलाएको भनियो, घृणाको प्रचारप्रसार गरेको ठहराइयो । नेताहरू स्वयंले प्रतिवाद गर्न नसकेर यो अभियानलाई निर्वाचन आयोगमार्फत् कारवाही गर्ने र प्रतिबन्ध लगाउने सम्मको विचार प्रवाह गरियो । प्रहरी गुहारियो र साइबर कानून आकर्षित हुने सन्देश दिइयो । निर्वाचन आयोगजस्तो संवैधानिक निकायमार्फत् यसलाई नियोजन गर्ने सङ्केत गरियो, बन्द गर्ने चेतावनी दिइयो । यसको व्यापक विरोधपछि, अदालतको सुनुवाइपछि आयोग नरम हुँदै सभ्य भाषामा टिप्पणी गर्न सकिने भनेको छ ।

आयोगको कदमलाई स्वतन्त्रतापूर्वक जनप्रतिनिधि छान्ने, रोज्ने प्रजातान्त्रिक हकको खिलाफको गतिविधिको रूपमा बुझ्न सकिन्छ । हो, कसैकाप्रति पनि अनावश्यक लान्छना र आरोप लगाउन पाइन्न । वाक स्वतन्त्रता जति हुन्छ, वाक मर्यादा पनि त्यति नै हुन्छ । यी दुवै एक अर्काका परिपूरक हुन् ।

अप्रमाणिक मिथ्या अभियोजन गर्न पाइन्न, गरेमा त्यसविरुद्ध कानुनी उपचारको हक हाम्रो संविधानले प्रत्याभूत गरेको पनि छ । तर, कसैलाई हामी फेरि छान्दैनौ भन्ने अधिकार पनि मतदाता, अभियानकर्ता र सामाजिक, राजनीतिक कार्यकर्ताहरूसँग रहन्छ । कसैले कसैलाई छान्ने छोड्ने स्वतन्त्रता हुन्छ । छान्न पाउनेले छोड्छु भन्न किन नपाउने ?

यसरी एउटा अभियानसँग एउटा स्लोगनसँग तर्सिनुपर्ने कारण पक्कै सामान्य अवस्थाको उपज होइन । कुनै पनि आवाज रोक्ने, छेक्ने, निषेध गर्ने परिपाटी बहुदलीय लोकतन्त्रका असुन्दर पक्ष हुन् । विचारको प्रतिवाद विचारले गर्न सकिन्छ । भौतिक र शारीरिक आक्रमण धाक, धम्की र सत्ताको सामर्थ्यले होइन । गलत भाष्य चिर्न असल भाष्य निर्माण गर्न सकिन्छ । थेसिसको प्रतिवाद एन्टीथेसिस हो, न कि प्रतिशोध र प्रतिबन्ध ?

पार्टीका नेताहरूको रवैयाले जनतामा निराशा छाएको सत्य घामजत्तिकै छर्लङ्ग छ । यद्यपि सबै एकै हुन्, सबै असक्षम र कुनै पनि नेता र पार्टी काम नै नलाग्ने छन्, यो भने सत्य होइन । हो, पार्टीहरू बिग्रेका छन्, नेताहरू लोक अभिमतअनुसार चल्न सकेका छैनन् । यसो भन्दैमा पार्टीतन्त्र असफल नै भएको निष्कर्ष आजको सत्य होइन ।

लोकतन्त्रमा पार्टीको विकल्प पार्टी नै हो । लोकतन्त्र भन्दा सुन्दर व्यवस्था आजसम्म प्रयोगमा छैन । अतः हामीले उपयोग गरेको लोकतन्त्रको कमजोरीसहित नै उत्तम व्यवस्थाको रूपमा संसारभर परिचित र अधिकतम अभ्यास गरिएको व्यवस्था हो यो । यसको विकल्प खोज्ने बेला भएको छैन तर यस व्यवस्थामा रहेका कमजोरी र त्रुटीलाई घटाउने सुधार्न भने ढिला भएकै छ ।

सबैलाई एकै डालोमा हाल्नु उचित हुन्न तर आम मान्छेले त्यसरी बुझ्न सक्दैनन् र सबै उस्तै हुन्, कुनै पनि नेता तात्विक रूपमा भिन्न छैनन् भन्ने लाग्छ । आजको परिदृश्यले निर्माण गरेको यो भाष्य हो, जुन चिर्ने र सबै गतिला होइनन्, छैनन् भन्ने भाष्यलाई काउन्टर दिने भाष्य सिर्जना गरेर आफ्नो र पार्टीको प्रतिरक्षा गर्नुपर्ने दायित्व पार्टीका भाष्यकार, विद्वान, बुद्धिजीवी, सिद्धान्तकार र बुज्रुक वर्गको हो ।

आफ्ना समर्थक र शुभेच्छुक थिंक ट्यांक परिचालन गरेर नेताहरूले आफू र आफ्नो पार्टीमाथि लागेका अनर्गल आरोपको खण्डन गर्नुपर्ने हुन्छ । अन्य अवस्थामा भन्दा विशेष गरी चुनावको बेला मुख्य मुख्य नेताहरूलाई राजनीतिक आक्रमण गरिन्छ, जुन संसारभरको चलन हो ।

तर, दुर्भाग्य प्रतिबन्धात्मक व्यवस्थाको वकालत गरेर पार्टीहरू, नेताहरू अलोकतान्त्रिक प्रक्रिया अवलम्बन गर्दैछन् । ढाकछोपको असफल प्रयास गर्दैछन्, जसलाई पराजय र शीर उठाउन नसक्ने हतास मानसिकता भनेर बुझ्न सकिन्छ । पार्टीहरूको यो मानसिकताले निर्वाचन बहिष्कार गर्ने तीन पार्टीहरू विप्लव, आहुति र वैद्यको नाराले सार्थकता प्राप्त गर्नेछ ।

नेताहरूको विरोध गर्न नै नहुने अवस्था पनि होइन । नेताहरूले समर्थन गर्ने भन्दा ज्यादा विरोध गर्ने काम गरेका कारण नै यति धेरै विरोधको सामना गर्नु परेको हो । नेताहरू विरोध र प्रतिवाद गर्न लायक छन् । आफूलाई मन लागेको कुरा निर्वाध रूपमा गर्न पाउने स्वतन्त्रताको विरुद्ध कोही बोल्छ भने त्यो अवज्ञा गर्ने हदको हुन्छ । यो प्रजातन्त्र हो, नेतातन्त्र होइन । तसर्थ तर्कसम्मत विरोध र 'नो नट एगेन' भन्ने स्वतन्त्रता रहन्छ ।

यही स्वतन्त्रता र अधिकारको विरुद्ध वर्षौं लडेका पार्टी र नेताहरू कसैले प्रयोग गरेको स्वतन्त्रतासँग झस्कनु पर्दैन । स्वतन्त्रता कति प्रिय र स्तुत्य हुन्छ, सो प्राप्तिको लागि तड्पेर सङ्घर्ष गरेका नेताहरूलाई थाहा नभएको विषय होइन । 'नो नट एगेन'अभियानले आत्मसमीक्षाको अवसरसमेत दिएको छ । लोकतन्त्रमा कोही नेता पनि अप्रश्नीय बन्नु हुँदैन । म पनि प्रश्नको घेरमा छु है भन्ने हेक्का नेतागणले सदैव राख्नुपर्छ । नेताहरूले लोकतन्त्रको धोती खुस्काउने नभएर लोकतन्त्रलाई श्लील बनाउने भरमग्दुर जोड गर्नुपर्छ ।

'नो नट एगेन भन्नेलाई वान्स मोर एगेन' भन्ने वातावरण नेता आफै र आफ्ना समर्थक शुभेच्छुकमार्फत् गर्न लगाउनु पर्छ । त्यसका लागि आफूले गरेका जनहितका कार्यदेखि, गणतन्त्रसम्मको लडाईंका फेहरिस्त पस्कनु पर्छ । प्रजातन्त्र गुम्दा र नहुँदाका बेफाइदाबारे जानकारी गराउनु पर्छ । जनता असन्तुष्ट हुन सक्छन्, 'नाइँ हुन्न' भन्न सक्छन् । त्यसैले तिनीहरूलाई कन्भिन्स गर्न कार्यकर्ता चाहिने हो । नेताको विचार जनतासम्म पुर्याउन विभिन्न सञ्चार माध्यम चाहिने हो ।

यावत माध्यम र तरिकाले नेताहरू, पार्टीहरू जनसमक्ष पुग्नुपर्छ । विपक्षीले लगाएको नारादेखि भागेर, लुकेर र त्यसको प्रतिवाद गर्नुको बदला निषेध गरेर हिँड्नु आरोप स्वीकार गर्नु सरह हो । त्यसैले 'नो नट एगेनको विरुद्ध वान्स मोर एगेन' भन्ने रचनात्मक प्रतिरोधको वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो ।

प्रजातन्त्रको मानदण्ड भनेको विरोध गर्न नदिनु होइन । विरोधी मत सुन्नु र सो मत आफ्नो पक्षमा आफ्ना सुकर्मका माध्यमबाट पार्न आहोरात्र यत्न गर्नु हो । विरोधी मतलाई समर्थन गर्ने बनाउन कुनै जादु गर्नु पर्दैन, बस् विश्वास दिलाए पुग्छ । लोकतान्त्रिक आचरण र व्यवहार गरे पुग्छ । जनताको चाहनालाई मुखरित गरे पुग्छ । समस्यासँग भाग्ने नेता होइन, भिड्ने नेता जनताको लागि प्रिय र आदरणीय हुन्छन् ।

सँधै र बारम्बार बहुदलीय व्यवस्था प्राप्तिपछि २०४८, २०५१, २०५६, २०६४, २०७०, २०७४ को संसदीय निर्वाचन हुँदै आजपर्यन्त २०७९ सालसम्म कुनै पनि चुनाव लड्न नछोडेका नेता देख्दा जनतामा नैराश्य उत्पन्न हुनु अस्वाभाविक पनि होइन ।

नेताहरूको औचित्य र उपादेयताको आधारमा स्क्रिनिङ गर्नु पनि पर्छ । स्क्रिनिङ गर्ने भरपर्दो माध्यम र परिपाटी चुनाव हो । जनताले कसलाई छान्ने, त्यो उनीहरूको तजबिजको विषय हो । सबै नेता बहिष्कारयोग्य पनि छैनन् र सबै नेता चुनिन योग्य पनि होइनन् । फेरि एक पटक चुनाव हार्नु भनेको सदाको लागि राजनीति सकिनु पनि त होइन नि ? लेखक त्रिवि कीर्तिपुरमा एमफिल-पीएचडी अनुसन्धाता हुन् । रातोपाटीबाट

# नेकपा एमाले-जसपा गठबन्धनका तर्फबाट सप्तरी क्षेत्र नं. २ बाट उम्मेदबार बनेका उपेन्द्र यादवले सार्वजनिक गरेका घोषणा पत्र

## बिरोधको लागि मात्र बिरोध नगरौं, काम गर्नेलाई सम्मान गरौ ।

जनता समाजवादी पार्टी, नेपालका केन्द्रीय अध्यक्ष महान दुरदर्शी नेता पुर्व उप-प्रधानमन्त्री **उपेन्द्र यादव ज्यु**ले आफनो कार्यकालमा गर्नुभएका महत्वपुर्ण कार्यहरु यसप्रकार छन । यसमा सानो तथा मझौला खालका दर्जनौ कार्यहरु समावेश छैन । बिगतमा पनि सप्तरीमा दर्जनौ मन्त्री बने । **माननीय उपेन्द्र यादवले** आफनो कार्यकालमा गरेको प्रतिवद्धता मात्र पुरा गरेनन् । उहाँले जनतासँग वाचा गरेको भन्दा कैयो गुणा बढी काम गरेर **ईतिहास** रचेका छन् ।

**उपेन्द्र यादवले सप्तरीको लागि गरेका महत्वपुर्ण कार्यहरु यस्ता छन् :**

१) सप्तरीको दिघवा बिरौलमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान (मेडिकल कलेज) स्थापना ।

२) गजेन्द्र नारायण सिंह अस्पताललाई आधुनिक अस्पताल (४२० बेडको) निर्माण गर्न भौतिक पुर्वाधार भवन निर्माण कार्य सम्पन हुने अन्तिम चरणमा ।

३) गजेन्द्र नारायण सिंह अस्पतालको परिसर भित्र नर्सिङ्ग कलेजको स्थापनासँगै निर्माण कार्य अन्तिम चरणमा ।

४) गजेन्द्र नारायण सिंह अस्पताल परिसरभित्र ७५ बेडको हृदयरोगको अस्पताल निर्माण अन्तिम चरणमा ।

५) संसदीय कोषबाट श्री महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसको परिसरभित्र इन्जिरियरिङ्ग कलेज भवन निर्माण कार्य अन्तिम चरणमा ।

६) राजविराज नगरपालिकामा प्रदेश कृषि विश्वविद्यालयको स्थापनासँगै यहि आर्थिक बर्षमा शैक्षिक कार्यक्रम सञ्चालको गृह कार्य भइरहेको ।

७) संसदीय कोषबाट सप्तरी जिल्लाभित्रका माध्यमिक विद्यालयहरुको स्तरोन्नत्तीका लागि भवन निर्माण ।

क) महादेवा गाउँपालिकामा विद्यालयको ६/८ कोठा भवन निर्माण सम्पन्न ।

ख) तिलाठी कोईलाडी गाउँपालिका तिलाठीमा विद्यालयको ६/८ कोठा भवन निर्माण सम्पन ।

ग) तिलाठी कोईलाडी गाउँपालिकाको कोईलाडीमा विद्यालयको ६/८ कोठा भवन निर्माण ।

८) संघीय सरकारबाट सप्तरीमा कृषि तथा पशुपंक्षी निर्देशनालय स्थापनाको गृहकार्य अन्तिम चरणमा ।

९) २५ बर्षदेखि जिर्ण अवस्थामा रहेको राजविराज बसपार्कको लागि सरकारमा भएको बेला बजेट विनियोजन गराईएको थियो, उक्त बसपार्क निर्माण कार्य अन्तिम चरणमा ।

१०) विष्णुपुर गाउँपालिकामा अवस्थित राजविराज एयरपोर्ट पुनःसञ्चालनको लागि उहाँको बिषेश पहलमा केन्द्र सरकारसंग समन्वय गरि कालोपत्रेको लागि बजेट विनियोजनसँगै निर्माण सम्मपन भई सञ्चालनमा आएको ।

११) विष्णुपुर गाउँपालिका वडा नम्बर ६ गोरगमा भन्दा दक्षिण नहरको साईडमा राजविराजलाई केन्द्रित गरेर दाहसंस्कार स्थल अर्थात मोक्षधामको निर्माण कार्य सम्पन ।

१२) पार्टी **अध्यक्ष उपेन्द्र यादवज्यू**को विशेष पहलमा राजविराज-रुपनी सडकखण्ड ४ लेन सहितको टेन्डर भई निर्माण कार्य सञ्चालन भएको ।

१३) जसपाबाट भौतिक पुर्वाधार तथा यातायात मन्त्री भएको बेला पार्टीको **अध्यक्ष उपेन्द्र यादव ज्यू**को विशेष पहलमा राजविराज-छिन्नमस्ता सडकखण्ड न्यौरदेखि राजविराजसम्म २ लेन सहितको टेन्डर भई निर्माण कार्य सञ्चालन भएको ।

१४) राजविराज नगरपालिकाको बोरिया गाउँको दक्षिण छिन्नमस्ता रोडको पश्चिम हुँदै गोठम गाउँ भई हुलाकी रोडको खरसाल टोलसम्म रहेको २ लेन सडक निर्माण कार्य सम्पन भई सकेको ।

१५) राजविराज नगरपालिकाको राम मन्दिर हुँदै रुपनी रोडको मोडसम्मको हुलाकी राजमार्गको निर्माण कार्य उहाँको विशेष पहलमा सम्पन भईसकेको ।

१६) राजविराज नगरपालिका-९ मलेठस्थित पम्पनहर चौकको पुर्वतिर रहेको पम्प नहरको सर्भिस रोड हुँदै सिंगयौन दमावती स्थित कोशी पश्चिम नहरसम्म रहेको २ लेन सडक निर्माण कार्य सम्पन भइसकेको ।

१७) राजविराज नगरपालिका वडा नम्बर १० स्थित दिघवामा ( बिरौल-डुमरी-भरुवा-झल्ही फर्सेठ -सिंगियौन-तिलाठी-चट्टी टोल-लालापट्टीसम्मको सडक) शिलान्यास भई कार्य अगाडि बढेको ।

(संघीय सरकार र प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत निर्माण हुदाँ उक्त सडकको **कुल बजेट रु. ५४ करोड ८९ लाख ५६ हजार ३ सय ७६ रुपैया ३८** पैसा रहेको रमण जे.एस.आइभी कन्सट्क्सनले उक्त **सडक रु. ३१ करोड ३८ लाख ८७ हजार १ सय १८ रुपैया ५६ पैसामा** निर्माण गर्ने सम्झौता भइसकसेको ।

१८) महादेवा गाउँपालिका वडा नम्बर १ पकरीदेखि सोनरा-तोपा हुँदै राजविराज वडा नम्बर १५ मुसहरनियाँ हुदै विषहरिया - सकरपुरा हुदै रम्पुरा डलवासम्मको सडक शिलान्यास गरी कार्य प्रारम्भ भएको ।

(यो सडकको **कुल बजेट रु. ५४ करोड ६३ लाख ५३ हजार ७ सय ५१ रुपैया** रहेकोमा रमण जे.एस.आइभि कन्सट्क्सनले रु. **३१ करोड २४ लाख ८ हजार ३ सय २४ रुपैया २८ पैसामा** निर्माण गर्ने जिम्मा लिएको छ ।

१९) यस्तै संघीय सरकारको रणनीतिक सडक अर्न्तगत कुल बजेट रु. २५ करौडको लागतमा भारदह-डाढा-पकरीसम्मको सडकको टेन्डर प्रकृया अन्तिम चरणमा रहेको ।

२०) राजविराजदेखि भारदहसम्म दुई लेन सडक शिलान्यास भई निर्माण कार्य प्रारम्भ भएको ।

**उपेन्द्र यादबको बिषेश पहलमा तपशीलका सडकहरु:**

२१) राजविराज नगरपालिका सप्तरीको गजेन्द्र चौक (त्रिभुवन चौक) देखि पुर्वतिर रहेको २ लेन सडक निर्माण कार्य सम्पन भईसकेको ।

२३) राजविराज नगरपालिका सप्तरीको गजेन्द्र चौक (त्रिभुवन चौक) पश्चिम अदालतसम्म २ लेन सडक निर्माण कार्य सम्पन भईसकेको ।

२४) राजविराज नगरपालिकास्थित दशन चौक (नेता चौक)देखि पुर्वतिर रहेको २ लेन सडक निर्माण कार्य सम्पन भईसकेको ।

२५) राजविराजको पानी टंकी पुल्चोक मदननगर हुदै पर्साहीको पुर्वतिर खर्साल टोल हुदै हुलाकी सडकसम्मको निर्माण कार्य सम्पन भईसकेको ।

२६) राजविराजको तेतरीगाछी चौकको उत्तर बस पार्क राजदेवी मंदिर हुदै कन्चनपुर रोडसम्मको सडक निर्माण कार्य अन्तिम चरणमा ।

२७) राजविराजको उपयोगी पुस्तक पसल हुँदै राजदेवी चोकसम्मको सडक निर्माण कार्य अन्तिम चरणमा रहेको ।

२८) राजविराज कञ्चनपुर रोडको हनुमान मंदिर कल्टु दास पोखरी हुँदै शिवशंकर हलको अगाडी सम्मको सडक निर्माण कार्य सम्पन भईसकेको ।

२९) राजविराज छिन्नमस्ता रोडको तारगाछीको पूर्व छिन्नमस्ता कलेज हुदै लङका टोल सम्मको सडक निर्माण कार्य अन्तिम चरणमा ।

३०) राजविराज छिन्नमस्ता रोडको बागेश्वरी मंदिर को पुर्व लिलजा टोल हुदै कुनौली रोड सम्मको सडक निर्माण कार्य अन्तिम चरणमा ।

३१) राजदेवी चोकको पुर्व स्कुल हुदै नहर सम्मको सडक निर्माण कार्य अन्तिम चरणमा ।

३२) गिता पेट्रोल पम्पदेखि पश्चिम जाने बाटोको निर्माण कार्य सम्पन भईसकेको ।

३३) गिता पेट्रोल पम्पदेखि पुर्व जाने बाटो हुदै कन्चनपुर रोड सम्मको निर्माण कार्य भईसकेको ।

३४) नेता चोकदेखि पश्चिम राम मन्दिर सम्मको सडक निर्माण कार्य भईरहेको ।

३५) अंधेरी पेट्रोल पम्पदेखि उत्तर भई पश्चिम जाने बाटोको निर्माण कार्य सम्पन भईसकेको ।

३६) राजदेवि मंन्दिरको उत्तर पूर्वतिर हुँदै पम्प नहर सम्मको सडक निर्माण कार्य अन्तिम चरणमा रहेको ।

३७) मिलन चोकको पुर्व सरस्वती टोलको सडक निर्माण कार्य अन्तिम चरणमा रहेको ।

३८) राजविराजदेखि कुनौली सम्मको सडक निर्माण गराउन उहाँको विशेष पहलमा सम्पन भएको ।

३९) **मा.उपेन्द्र यादब ज्यू**को विशेष पहलमा राजविराजमा यातायात कार्यालयको स्थापना भएको ।

४०) **मा.उपेन्द्र यादब ज्यू को विशेष पहलमा** केन्द्रीय सरकार अन्तर्गत प्रदेश स्तरीय कृषि तथा पशुपंक्षी निर्देशनालय स्थापना लागि गृहकार्य भईरहेको ।

४१) राजविराजमा गरिब जनताको स्वास्थ्य उपचारको लागि मेडिकल क्याम्प गराई ११ हजार जनालाई स्वास्थ्य परिक्षण गराई निशुल्क औषधी सहित उपचार गराएको ।

४२) ४२५ जनालाई निशुल्क स्वास्थ्य जाँच र औषधी एवम् मेजर अप्रेशन समेत गराई उपचार गराएको ।

**जसपा पार्टी नेपाल सरकारमा भएको बेलामा सप्तरीको मुहार फेरिने गरी जनताको विकासको लागि गरेको योगदान तथा कार्यहरु** .......

१) रुपनी राजविराज सडकलाई ४ लाईन बनाउन गत आ.व. मा रु. ५५ करोड को टेण्डर गरि सम्झौता भई सकेको र यस आ.व.मा सो सडक को लागि रु. ३२ करोड बजेट बिनियोजन गरिएको ।

२) राजविराज छिन्नमस्ता सडक मा गत आ.ब.मा रु. ५७ करोड र यस आ.ब.मा १३ करोडको निर्माण कार्यको शुरुवात गरिएको ।

३) राजविराज भारदह २ लाइन सडकको लागि गत आ.व. रु. ४० करौड र यस आ.ब. मा ६ करौडको बजेट बिनियोजन गरिएको ।

४) राजगढको झौहरा चौक देखि फकिरा हुदै सखडा र इटहरी बिष्णपुर चौक सम्म रु. ५० लाख बजेट बिनियोजन गरिएको ।

५) राजविराज नगरपालिका १३ पिपराही विसहरिया मुसहर्नियादेखि भन्सार सम्म १५ कि.मि सडक को लागि रु. १ करोड बजेट बिनियोजन गरिएको ।

६) राजविराज १ पडरियादेखि सानो नहर झल्ही हुदै सिंगियौन दमाबती सरस्वती टोल सम्म हुलाकी सडक झा.टोलदेखि दिघ्वा खम्बे टोल सम्म रु. १ करोड बजेट बिनियोजन गरिएको ।

७) जण्डोल कुशहा सडक पार्क बभनगमाकटी हुँदै भारत सिमानासम्म र महादेवा गा.पा.६ को हनुमान मन्दिर सम्म र महादेवा ग.पा. वडा नं.५ को विभिन्न सडक निर्माणमा रु. १ करोड बजेट बिनियोजन गरिएको ।

८) हाइवे महुली ढिमार लोहजरा डिमन डाढा दुर्गापुर हुँदै हनुमाननगर सडकको लागि रु. १ करोड बजेट बिनियोजन गरिएको छ ।

९) शम्भुनाथ न.पा. ३ ट्राफिक चोकदेखि राजगढ गा.पा. झौहरा चोक हुदै छिन्नमस्ता सम्म रु. १ करोड बजेट बिनियोजन गरिएको ।

१०) राजविराज छिन्नमस्ता सडक एयरर्पोर्ट देखि विष्णुपुर बेलहा पूर्वटोल कनकटा भारत सम्म रु. ५० लाख बजेट बिनियोजन गरिएको ।

११) राजविराज न.पा. नं.३, ४, ५, ६, ७, ८, ९, १०, १२, १३, १४, १५, १६, का ३० कि.मि सडकको लागि रु. १ करोड बजेट बिनियोजन गरिएको ।

१२) रा.वि न.पा.१६ को लिंक सडकको लागि रु. १ करोड बजेट बिनियोजन गरिएको ।

१३) महेन्द्र राजमार्ग देखि उतर गाईघाट जाने वाटो रु. १ करोड बजेट बिनियोजन गरिएको ।

१४) कोशी व्यारेज देखि कोशी नहर हुदै महदेवा विष्णपुर राजगढहुदै भारत सिमाना सडक निर्माणको लागि रु. ५० लाख बजेट बिनियोजन गरिएको ।

१५) तिलाठी कोइलाडी ८ पश्चिम कोशी नहर धनकोल टोलदेखि सडेपार इनरुवा कुनौली सडक को लागि रु. १ करोड बजेट बिनियोजन गरिएको ।

१६) रा.वि. बृहत चक्रपथका लागि रु. १ करोड ५० लाख बजेट बिनियोजन गरिएको ।

१७) महेन्द्र राजमार्ग देखि प्रतिष्ठान शनि मन्दिर सम्मको लागि रु. १ करोड बजेट बिनियोजन गरिएको ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# सतारुढ गठबन्धन सप्तरी क्षेत्र नं. २ ले सार्वजनिक गरेको घोषणापत्र

## आदरणीय स्वाभिमानी तथा सम्मानित मतदाता गण,

सर्वप्रथम प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनका अवसरमा हाम्रो गठबन्धनका तर्फबाट यस क्षेत्रको सम्पूर्ण स्वाभिमानी तथा सम्मानित जनता जनार्दनमा हार्दिक अभिवादन गर्दछौं ।

जनताको बलिदानीबाट प्राप्त ऐतिहासिक उपलब्धीलाई संस्थागत गर्दै गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता, समान सहभागिताको सरंक्षण अहिलेको मुल जिम्मेवारी हो । मुलुकमा गणतन्त्र आई सकेपछि पनि विभिन्न कोणबाट प्रतिगमनको कुत्सीत प्रयास अझै जारी रहेको छ । स्वार्थसिद्धिका लागि जनताको बलिदानीलाई अवमूल्यन गर्ने काम भईरहेको सन्दर्भमा प्राप्त उपलब्धीको संरक्षण गर्दै सार्वभौम जनताको अधिकार सुरक्षित राख्नु अहिलेको प्रमुख जिम्मेवारी हो । यही कुरालाई मनन् गर्दै राष्ट्रियस्तरमा हाम्रो राजनैतिक गठबन्धन निर्माण भएको विदितै छ । सप्तरीको सन्दर्भमा पनि केन्द्रमा भएको गठबन्धनलाई आत्मसात गर्दै स्थानीयस्तरका थप विषय समेटेर आदरणीय जनसमुदायमा हाम्रो यो संयुक्त प्रतिबद्धता पत्र प्रेषित गरेका छौं ।

प्राथमिकताका आधारमा स्थानीयस्तरका हाम्रा थप प्रतिबद्धताहरु :

१. कृषि क्षेत्र प्रबर्द्धन र किसानको जीवन स्तरमा सुधार ल्याउन सिंचाईको उचित प्रबन्धको लागि प्रत्येक वार्डमा स्टेट बोरिङ्ग उपलब्ध गराउने तथा समयमै मलखाद्य, बिउबिजन र किसान मैत्री कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. जग्गाको लामो समयदेखी रोकिएको कित्ताकाट समस्यालाई यथासिघ्र समाधानको लागि पहल गर्नुको साथै बर्षौं देखि विटौरीमा रहेको गाउँ र राजविराज नगर ब्लकका जग्गाको नितिगत छलफल गरी लालपुर्जा उपलब्धताको लागि नितिगत निर्णय गराई यथासिध्र उपलब्ध गराईने छ ।

३. राजविराज हटियामा निमार्णाधिन गिलेशनलाई अविलम्ब सम्पन्न गर्न लगाई नगरपालिकाद्वारा पुर्व सम्झौता अनुसार वितरण गर्न लगाउने छौं ।

४. क्षेत्र भित्र रहेका ऐतिहासिक महत्वका मठ, मन्दिर, मस्जिद तथा सार्वजनिक महत्वका संरचनाहरुको संरक्षण, सम्बर्द्धन र त्यस्ता संरचनालाई पर्यटकीय स्थलको रुपमा विकास गरिने छ ।

५. स्वच्छ खानेपानीको उचित प्रबन्ध, सरसफाई र फोहोर मैला व्यवस्थापनका लागि दीर्घकालिन उपायको खोजी र ब्यवस्थापन गरिने छ ।

६. गरिब, असहाय समुदायको जीवनस्तरमा सुधार ल्याउन सीपमूलक, तालिमसँगै आय आर्जनका विभिन्न कार्यक्रम अभियानकै रुपमा संचालन गरिने छ ।

७. जिल्लाकै सवभन्दा पुरानो महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसलाई स्तरोन्नती गरी गुणस्तरीय शिक्षा र आवश्यक जनशक्तिको प्रबन्ध मिलाइने छ ।

८. गजेन्द्र नारायण सिंह अस्पतालको स्तरोन्नती तथा आवश्यक उपकरण र जनशक्तिको व्यवस्था, उपचारका लागि बाहिर जानुपर्ने अवस्थाको अन्त्य गरिने छ ।

९. गजेन्द्र नारायण सिंह संग्रहालय र प्राविधिक शिक्षा तालिम केन्द्रको स्थापना गरिने छ ।

१०. विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धिका लागि आवश्यक शिक्षक भवन, फर्निचर, पुस्तकालय लगायत भौतिक पूर्वाधारको प्रबन्ध मिलाईने छ ।

११. सरकारी विद्यालयलाई अग्रेजी मेडियममा परिणत गर्ने र शिक्षाको स्तरोन्नती गरिने छ ।

१२. राजविराज बसपार्कको यथासिघ्र संचालन गरिने छ ।

१३. क्षेत्रको उपर्युक्त स्थलमा फनपार्कको निर्माण गरिने छ ।

१४. सवै समुदायको भाषा, कला, संस्कृति र साहित्यको विकास र प्रोत्साहनका लागि विशेष योजना कार्यान्वयनमा ल्याइने छ ।

१५. जीर्ण अवस्थामा रहेको राजरंगशालाको जीर्णोद्धार तथा आधुनिकीकरणका साथै राजविराजमा स्तरीय क्रिकेट खेल मैदान र रंगशालाको निर्माण गरिने छ ।

१६. "महिलाहरुका लागि शिक्षा र अवसर" भन्ने नारा सहित विशेष योजनाहरु कार्यान्वयनमा ल्याईने छ । साथै महिलाको संरक्षणको उचित व्यवस्थापन गरिने छ ।

१७.बाढीको समस्या समाधानका लागि अल्पकालिन तथा दीर्घकालीन र स्थायी उपायहरु प्रभावकारी ढंगले अघि बढाइने छ ।

१८. उद्योग विहीन अवस्थामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा विभिन्न उद्योगको स्थापना, सुविधामा सुधार तथा रोजगारी सृजनाका लागि निजि तर्फबाट १००० जनाका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा ल्याईने छ ।

१९. गरीव, दलित र पिछडिएका परिवारका जेहेन्दार छात्रछात्रालाई छात्रवृत्तिको ब्यवस्था मिलाईने छ ।

२०. गाउँदेखि नगर जोड्ने पक्की सडक संजालको विस्तार गरिने छ ।

२१. सीमावर्ती निर्मलीसम्म संञ्चालनमा रहेको रेल सेवालाई जिल्ला सम्म पुऱ्याउन र भारतीय सहयोगका अलपत्र योजनाहरु सम्पन्न गर्न अगुवाई गर्दै भारतीय सरकारसँग आवश्यक पहल गरिने छ ।

२२. वैदेशिक रोजगारीलाई निरुत्साहित तथा आफ्नै भुमिमा रोजगारीको वातावरण सिर्जना गर्न सीपमूलक तालिम र आय आर्जनका विभिन्न कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

२३. क्षेत्रलाई मधेश प्रदेशकै शैक्षिक हब बनाउन विभिन्न महत्वाकांक्षी योजनाहरु कार्यान्वयनमा ल्याईने छ ।

२४. जिल्लामा पत्रकारीता क्षेत्रको विकासका लागि पत्रकारहरुको छाता संगठन पत्रकार महासंघको समन्वयमा विभिन्न योजनाहरु ल्याईने छ ।

२५. नगरको सौन्दर्यीकरणका लागि वृक्षारोपन, पार्किङ, सीसी क्यामरा जडान, फनपार्क निर्माण लगायतका योजना अघि बढाइने छ ।

२६. सुशासन, सूचनाको हक, पारदर्शिता उपलब्ध गराउने र टोल फ्री नम्बर उपलब्ध गराइने छ ।

२७. श्रमिकको उचित ज्याला निर्धारण गरि "योग्यता अनुसारको काम र काम अनुसारको दाम" भन्ने नीति लागु गरिने छ ।

२८. जेष्ठ नागरिक, एकल महिला, शारिरीक रुपमा असक्त भएकाहरुको जिवनस्तरमा सुधार तथा सहज जिवनयापनका लागि विभिन्न सुविधासहितको कार्यक्रमहरु ल्याइने छ ।

२९. भ्रष्टाचार मुक्त, भयमुक्त र विभेदरहित समाज तथा देश बनाउन कडा कानुन निर्माणका लागि पहल गरिने छ ।

३०. बालबालिकाहरुको कला र सीप विकासका लागि विभिन्न योजनाका साथै बालश्रम निरुत्साहित गर्न विशेष कार्यक्रमहरु संचालन गरिने छ ।

यस बाहेक नागरिक समाजबाट सामुहिक हितमा आउने हरेक सुझाव र सल्लाहलाई सच्चा पहरेदारका रुपमा ग्रहण गरी कार्यान्वयनमा ल्याउने र तपाईहरुको सुख दुःखमा सदा साथ रहने प्रतिज्ञा समेत व्यक्त गर्दछौं ।

साथै माथि उल्लेखित प्रतिवद्धता कार्यन्वयन प्रति कुनै गुनासो वा सल्लाह सुझाव भएमा २४ औं घण्टा उपलब्ध हुने टोल-फ्रि नम्बरमा सम्पर्क गर्न समेत बिनम्रतापूर्वक आग्रह गर्दछौं ।

धन्यवाद !




डा. कालीप्रसाद यादव

M.B.B.S.,MD Internal Medicine

(NAMS Bir Hospital, Kathmandu)



Consultant Physician

कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

# समावेशी मुद्दामा दल र राज्यको किन बेवास्ता ?

**दीपा नेपाली**

नयाँ संविधान जारी गर्न जनताले जति सास्ती पाए, त्यो भन्दा बढी संविधानको अनुशरण गर्न खेप्नु परेको छ । जनताको निम्ति ल्याइएको संविधान जनताको हित विपरीत राजनीतिक दलले उपभोग गर्न लागि परेको देखिन्छ ।संविधानको अपमान गर्न सबै दलहरु माहिर छन् । अरूको शरीरमा जुम्रो उक्लेको देख्ने तर आफ्नो शरीरमा भैंसी उक्लेको नदेख्ने कथित दलका कार्यकर्ता आफू संलग्न भएको पार्टीका नेताले संविधानमाथि गरेको बैमानीबारे खुलेर विरोध गरेको पाइँदैन । जनताको अवस्था परिवर्तन गर्न र संविधान कार्यान्वयन गर्न कुनै पनि दलका नेता कार्यकर्ता गम्भीर भएको देखिँदैनन । अथवा भनौं आफ्नै पार्टी भित्रको गलत प्रवृत्ति देखेर पनि नदेखे जस्तो अथवा सुनेर नसुने जस्तो गर्न कार्यकर्ताले बानी परिसकेका छन् ।

त्यसैले, निर्लज्ज हुँदै, राजनीतिक फाइदा र बेफाइदाका लागि बोल्ने, गर्ने दलका कार्यकर्तालाई यो लेख पढ्न म अनुरोध गर्छु ।

**समानुपातिक समावेशी र दलको बेइमानी:**

संविधानको धारा ८४ (क) अनुसार प्रतिनिधिसभामा प्रत्यक्षतर्फबाट १६५ जना निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० सदस्य मनोनीत हुने व्यवस्था छ । धारा ८४ को उपधारा (२) अनुसार समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलको उम्मेदवारी दिँदा यस्तो व्यवस्था गरिएको छ : जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ भनी व्यवस्था गरेको छ ।

तैपनि ठूला दलले संविधानमा भएको व्यवस्था कार्यान्वयन गर्नु कता हो कता । संविधान विपरीत आसन्न संघ र प्रदेशको चुनावमा प्रतिनिधित्व बनाउन चलखेल गरे । गत असोज २ र ३ गते दलले प्रदेश र प्रतिनिधिसभाको लागि समानुपातिक उम्मेदवारको बन्दसूची निर्वाचन आयोगलाई बुझाए, जसमा कुनै दलले समानुपातिक समावेशीताको सिद्धान्तलाई आत्मसाथ गरेको समाचार बाहिरिएन ।

उत्पीडित समुदाय र उत्पीडित वर्गको निम्ति समानुपातिक समावेशीताको खेमामा दश वर्षे जनयुद्ध लडेको माओवादी पार्टीले आफैले उठाएको प्रमुख एजेण्डाको भावना विपरीत समानुपातिक तर्फको बन्दसूची तयार गरेको छ । धेरै पटक राज्य र संसदीय लाभ लिएका कृष्णबहादुर महरालाई समानुपातिक उम्मेदवारको पहिलो प्राथमिकतामा राखेको थियो । महराले अन्तिम समयमा आफ्नो नाम बन्द सूचीबाट हटाउन लगाएको समाचार त बाहिरियो । तर महराकी छोरी प्रगति महरा लुम्बिनी प्रदेश सभा सांसदका लागि समानुपातिकको बन्द सूचीमा परेको धेरैलाई नोटिस भएन ।

त्यस्तै, प्रधानमन्त्री शेरबहादुर देउवाको पत्नी आरजु राणा देउवा, पटक पटक मन्त्री भइसकेका काँग्रेसका केन्द्रीय नेताहरू प्रकाशशरण महत, विमलेन्द्र निधि, फरमुल्लाह मन्सुर र गोपालमान श्रेष्ठहरू समानुपातिक सूचीको सूचीमा छन् ।

यसै गरी एमालेले पछि पारिएका समुदायलाई पार्टीभित्र होस् या राज्यको मूलधारमा समाहित गर्ने सकारात्मक सामर्थ्य राखेकै छैन । उसले समानुपातिक समावेशिताको मूलधारमा उत्पीडित सीमान्तकृत समुदायलाई समावेश गर्नुको साटो सम्भ्रान्त वर्गका महिलाई प्रतिनिधित्व बनाएर लैङ्गिक समानताको खाडल पुर्ने आफ्नै ढिपी गरेको पाइन्छ । जो संविधान विपरीत छ ।

लैङ्गिक असमानता हटाउन एमालेले समानुपातिकतर्फ प्रतिनिधिसभामा ५२ प्रतिशत र प्रदेश सभामा ५४ प्रतिशत महिला उम्मेदवार बनाएको छ । जसमा प्रतिनिधिसभाको एक सय १० जना उम्मेदवारमध्ये ५७ जना महिला छन् भने ५३ जना पुरुष उम्मेदवार छन् ।

यस पटक एमालेले केन्द्रीय सदस्य रघुजी पन्तदेखि पार्टी उपाध्यक्ष रामबहादुर थापाकी पत्नी नैनकला थापा, पार्टी महासचिव शंकर पोखरेलकी बहिनी मेनका पोखरेल सम्मलाई समानुपातिक सूचीमा राखेको छ ।

त्यसै गरी एमालेबाट अलगिएको अर्को नेकपा एकीकृत समाजवादीले पनि संविधानको पूर्ण अनुसरण गर्न सकेको देखिँदैन । पार्टीको उच्च ओहदाका र राष्ट्रिय राजनीतिमा कहलिएका नेताहरुलाई समानुपातिकतर्फ राखेको छ । जसमा उपाध्यक्ष प्रमेश हमाल, उपमहासचिव डा गंगालाल तुलाधर र सचिव नागेन्द्र चौधरीलाई समानुपातिकको बन्दसूचीमा प्राथमिकताका साथ राखिएको छ । अन्य साना पार्टीको सिकाई ठूला पार्टीको भन्दा फरक छैन ।

**समानुपातिक सिद्धान्तको व्यवस्था:**

प्रतिनिधि सदस्यका लागि समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को परिच्छेद ४ को दफा १३ को उपदफा ३ को १ (क) बमोजिम दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू र मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा देहायबमोजिम प्रतिनिधित्व हुने गरी उम्मेदवारको नाम समावेश गर्नुपर्नेछ । जसमा दलित १३.८ प्रतिशत, आदिवासी जनजाति २८.७ प्रतिशत, खस आर्य ३१.२ प्रतिशत, मधेसी १५.३ प्रतिशत, थारू ६.६ प्रतिशत, मुस्लिम ४.४ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था छ । प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिकामा पनि त्यस्तै व्यवस्था छ ।

तैपनि संविधानको औचित्यमाथि नेपालमा ठूला राजनीतिक दलले आफ्नो इमानदारिता देखाउन सकिरहेका छैनन् । संविधानको संरक्षण गर्न सबै पार्टी कार्यकर्ता र नेताको दायित्व हुनुपर्ने हो । तर आफ्ना पार्टीको फाइदाको लागि बोल्ने र आन्दोलन गर्ने कार्यकर्ताको वर्चश्व देखिन्छ । त्यसैले, आन्दोलन संविधानको संरक्षण र जनताको पक्षमा नभई दलका नेतालाई खुशी पार्न सडकमा चर्का नारा लगाएको देखिन्छ । जहाँ आफ्ना नेता, कार्यकर्ताले संविधान मिच्दा ठिक र विपक्षले मिच्दा गलत ठान्ने यो संस्कारले समानुपातिक सिद्धान्तलाई निकै कमजोर बनाइरहेको छ ।

**बन्द सूची सच्याउन सक्ने व्यवस्था:**

दलले समानुपातिक समावेशीताको सिद्धान्तलाई कार्यान्वयन गर्न कन्जुस्याइँ माने पनि निर्वाचन आयोगले यसलाई कार्यान्वयन पक्षमा ल्याउन दललाई उम्मेदवारको बन्दसूची सच्याउन निर्देशन दिन सक्ने अवस्था नभएको होइन । उम्मेदवारको बन्दसूची जाँचबुझ गर्दा समानुपातिक प्रतिनिधित्व र समावेशी सिद्धान्तका आधारमा तयार भए नभएको वा अन्य रीत पुगे नपुगेको यकिन गरी त्यस्तो रीत पुगेको नपाइएमा सम्बन्धित दललाई सो सूची सच्याउन अनुसूची-२० बमोजिम सूचित गर्नुपर्ने व्यवस्था छ ।

निर्वाचन आयोगको पहलमा के कति समानुपातिक समावेशीताको सिद्धान्त संरक्षित हुन सक्छ, त्यसको नतिजा हेर्न बाँकी नै छ ।

**असमावेशी समावेशी आयोग:**

संविधान विपरीत जबर्जस्ती ल्याइएका व्यवस्थामा ती दुईथरी आन्दोलनकारी मौन रहेर समर्थन गरिरहेका हुन्छन्, त्यहाँ पक्ष विपक्ष दलको कुरो आउँदैन । जसको ज्वलन्त उदाहरण समावेशी आयोगको नियुक्तिलाई लिन सकिन्छ ।

गत असार ९ गते बिहीबार राष्ट्रपति विद्यादेवी भण्डारीले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले समावेशी आयोगका अध्यक्षदेखि सदस्यलगायत विभिन्न संवैधानिक आयोगमा २० जनालाई नियुक्त गरेकी थिइन् । जसमध्ये नियुक्त गरेका २० मध्ये ३ जना राष्ट्रिय समावेशी आयोगका थिए । जसमा आयोगका अध्यक्षमा कास्कीका रामकृष्ण तिमल्सेना, सदस्यमा पर्वतका पुष्पराज तिमिल्सिना र बझाङका मानप्रसाद खत्री थिए । आयोगमा यसअघि नै विष्णुमाया ओझा र हरिदत्त जोशी सदस्य थिए । समावेशी आयोगमा नियुक्त भएका पाँचै जना खसआर्य समुदायका छन् । नामले समावेशी आयोग भएपनि व्यवहारमा बाहुन, क्षेत्रीको आयोग बनाइएको छ । यो संविधान विपरीत हो कि होइन ?

सदियौंदेखि पछि पारिएका समुदायलाई राज्यको पहुँचमा कसरी समाहित गर्ने भन्दा पनि आफू, आफन्त र आफ्ना वरपरकालाई कसरी आफ्नो कुर्सीको रक्षक बनाउने भन्ने होडबाजीमा आसन्न संघ र प्रदेशको चुनावका लागि उम्मेदवार बनाइएका छन् । नेपालका ठूला राजनीतिक दलले हजारौंको बलिदान, रगत र त्यागलाई अपमान गर्दै आएका छन् । र, जबर्जस्ती उही पुरानै शासन प्रणाली थोपर्न खोजेको देखिन्छ ।

परिणामस्वरुप विभिन्न दलहरुले निर्वाचन आयोगमा पठाएको समानुपातिकको बन्दसूचीलाई तथ्यगत आधार मान्न सकिन्छ । सबै पार्टीको व्यवहारिक रुपलाई विश्लेषण गर्ने भने, दलहरुको व्यबहारमा कोही भन्दा कोही फरक छ भन्ने अवस्था छैन । संविधान, लोकतान्त्रिक अभ्यास र समानुपातिक सिद्धान्तलाई कार्यान्वयन गर्ने पक्षमा सबै राजनीतिक दलको एउटै रबैया छ ।

अन्ततः संविधानले पछि पारिएका सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चतता गर्नुपर्ने प्रावधान ल्याएको छ । नेपाललाई लोकतान्त्रिक व्यवस्थासम्म ल्याई पुर्याउन नेपाली जनताको ठूलो बलिदान र त्याग रहेको छ । तर आज दलहरुले जनताको ऐतिहासिक बलिदानको विरासतलाई मेट्ने काम गरिरहेका छन् । नेताहरु नेपालको संविधान विपरीत चुनावताका प्रतिनिधि छनोट गर्ने र सत्ता कसरी टिकाउने भन्ने होडबाजीमा लागिपरेका छन् । यदि सत्ता टिकाउनकै लागि प्रतिनिधित्व छनोट गर्ने हो भने सीमान्तकृत समुदायको प्रतिनिधित्व राज्यको मूलधार कसरी समाहित हुन सक्छ ? संविधानको अनुशरण राजनीतिक दलले नै नगर्ने हो भने संविधान कार्यान्वयन गर्ने दायित्व कसको हो ?

रातेपाटीबाट

## अन्तर्राष्ट्रिय समाचार

### दक्षिणपूर्वी एशियाली देशसँग सम्बन्ध विस्तारमा अमेरिका

**नोमपेन**/दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)को शिखर सम्मेलनमा सहभागी हुन अमेरिकी राष्ट्रपति जो वाइडेन अमेरिकाबाट कम्बोडियातर्फ प्रस्थान गर्नुभएको छ । आसियान क्षेत्रमा चिनियाँ प्रभाव विस्तार भइरहेको सन्दर्भमा अमेरिकी राष्ट्रपतिले त्यसलाई सन्तुलनमा राख्न सदस्य देशसँग अमेरिकी प्रतिबद्धता जाहेर गर्नुहुनेछ ।

अमेरिकी राष्ट्रपतिको शिखर सम्मेलनमा भाग लिनुको प्रमुख उद्देश्य आर्थिक एवम् सैन्य सामर्थ्यका दृष्टिले शक्तिशाली प्रतिद्वन्द्वी चीनका राष्ट्रपति सी चिनफिङसँगको प्रत्यक्ष भेटवार्ताका निम्ति वातावरण बनाउनु हो । राष्ट्रपतिमा निर्वाचित भएपछि उहाँले आफ्ना चिनियाँ समकक्षीलाई प्रत्यक्षरूपमा भेट्नुभएको छैन ।

यही कात्तिक २९ र ३० गते इण्डोनेशियाको बालीमा हुने विश्वका प्रमुख विकसित र उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टी शिखर सम्मेलनका क्रममा उहाँले यही कात्तिक २८ गते चीनका राष्ट्रपति सी चिनफिङलाई भेट्नुहुनेछ ।

शनिबार यहाँ आएका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले समुद्रमा चीनका अवैध एवम् अनियमित गतिविधि तथा समुद्रमा जहाज सञ्चालन गर्न पाउने स्वतन्त्रतालगायत विषयमा आसियान नेतासँग राष्ट्रपति बाइडेनले छलफल गर्ने बताएका छन् । दक्षिण चीन सागरको विवादलाई लिएर उहाँले आसियान नेतासँग बेइजिङविरुद्ध अमेरिकी दृढता व्यक्त गर्ने सल्लाहकार सुलिभानले बताए ।

अन्तर्राष्ट्रिय कानुनअनुसार समुद्रमा र त्यसमाथिको आकाशमा जहाज सञ्चालन गर्न पाइन्छ तर चीनले त्यसलाई अस्वीकार गर्दै आएको छ । त्यसबाट अस्थिरता हुने चीनको बुझाइ छ र यसै विषयमा चीन र अमेरिकाबीच विवाद छ । आसियान र अन्य देशका लागि प्रतिकूल हुने काम गर्न नहुने र यस क्षेत्रको स्थायित्वका निम्ति अमेरिकी भूमिका मुख्य हुने सल्लाहकार सुलिभानले बताएका छन् । एजेन्सी

### मध्यसोमाली क्षेत्रमा १२ विद्रोही मारिए

**मोगादिसु**/सोमाली राष्ट्रिय सेनाले शुक्रबार मध्यसोमालियाको हिरान क्षेत्रमा गरेको प्रतिआक्रमणमा अल-शबाबका १२ जना लडाकूलाई मारेको एक अधिकारीले बताएका छन् ।

रक्षा मन्त्रालयका प्रवक्ता अब्दुल्लाही अली अनोदका अनुसार सेनाले बुरदार क्षेत्रमा रहेको सैन्य शिविरमा आतङ्कारीले आक्रमण गर्ने बारे पूर्व सूचना प्राप्त गरेको र त्यसलाई विफल बनाउँन प्रतिआक्रमण गरेको थियो ।

बुर्दार क्षेत्रमा आक्रमणको क्रममा घाइते भएका तीन जना सैनिकलाई अस्पतालमा भर्ना गरिएको अलीले सोमाली नेशनल न्युज एजेन्सीलाई बताएका छन् । हाल त्यस क्षेत्रमा आक्रमणकारीको खोजी गर्नका लागि सेनाले ठूलो अभियान चलाइरहेको छ । एजेन्सी

### राष्ट्रपति बाइडेन प्रधानमन्त्री मोदीलाई भेट्न उत्सुक : जेक सुलिभान

**वाशिङ्टन**/अमेरिकी राष्ट्रपति जो बाइडेन यस वर्षको जी-२० शिखर सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेट्न उत्सुक रहेको अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले शुक्रबार उल्लेख गरेका छन् । भारतले आगामी डिसेम्बरको १ देखि जी-२० को अध्यक्षता गर्दछ ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने क्रममा सुलिभानलाई प्रधानमन्त्री मोदी ह्वाइट हाउसको भ्रमण गर्ने हो कि भनेर सोधिएको प्रश्नको जवाफमा उनले भने, “भारत अर्को वर्ष जी-२० को अध्यक्ष हो र राष्ट्रपति बाइडेन जी-२० मा सहभागी हुन चाहनुहुन्छ र सम्भवत भेट त्यतै हुनेछ । राष्ट्रपति बाइडेनको पदभार ग्रहण लगत्तै प्रधानमन्त्री मोदी ह्वाइट हाउस पुग्नुभएको थियो ।

“दुई नेताले पटक-पटक फोन वार्ता र भिडियो वार्ता गरिरहनु भएको छ । अमेरिका-भारत साझेदारीलाई बलियो बनाउने लगयातका दुईपक्षीय चासोका मुद्दामा दुई नेताबीच छलफल भइरहेका छन् । राष्ट्रपति बाइडेन प्रधानमन्त्री मोदीलाई भेट्न उत्सुक हुनहुन्छ,” सुलिवानले भन्नुभयो । यसअघि शुक्रबार राष्ट्रपति बाइडेनले संयुक्त राष्ट्रसङ्घको २७औं जलवायु परिवर्तन सम्मेलन (कोप २७) को छेउमा इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसीसँग पनि भेटवार्ता गर्नुभएको थियो ।

इतिहासमा सबैभन्दा ठूलो हरितगृह ग्यास उत्सर्जन गर्ने देश भएकोमा अमेरिकाले व्यापक आलोचनाको सामना गरिरहेको बेला राष्ट्रपति बाइडेनले संयुक्त राष्ट्रको जलवायु वार्तालाई सम्बोधन गर्नुभएको न्यूयोर्क टाइम्सले उल्लेख गरेको छ । जी-२० अन्तरराष्ट्रिय आर्थिक सहयोगको लागि प्रमुख मञ्च हो जसले विश्वव्यापी जिडिपिको लगभग ८५ प्रतिशत, विश्वव्यापी व्यापारको ७५ प्रतिशतभन्दा बढी र विश्व जनसङ्ख्याको लगभग दुई तिहाइको प्रतिनिधित्व गर्दछ ।

जी-२० अध्यक्षताको अवधिभर भारतले देशका विभिन्न स्थानमा लगभग २०० वटा बैठक आयोजना गर्नेछ । अर्को वर्ष हुने जी-२० शिखर सम्मेलन भारतले आयोजना गर्ने सबैभन्दा उच्च महत्त्वको अन्तरराष्ट्रिय सम्मेलनमध्ये एक हुनेछ । एजेन्सी

# जिहाद बिरुद्ध कारवाही र हिन्दु राष्ट्र माग गर्दै प्रदर्शन




**राजविराज**/जिहाद (हिंसा) मा संलग्नलाई कारवाही तथा हिन्दु राष्ट्रको माग गर्दै शनिबार राजविराजमा प्रदर्शन गरिएको छ ।

राष्ट्रिय एकता अभियानको अगुवाईमा गाउँ गाउँबाट आएका हिन्दु धर्मावलम्बीहरुले जिहादको बिरुद्ध तथा हिन्दु राष्ट्रको माग गर्दै प्रदर्शन गरेका हुन् ।

स्थानिय शिवमन्दिको प्राङ्गणबाट निस्केको जुलुसका सहभागिहरुद्वारा प्रदर्शनका क्रममा हिन्दु राष्ट्र कायम गर, हिन्दु धर्मावलम्बीमाथी जिहाद (हिंसा) गर्नेहरुमाथी कारवाही गर लगायतका नाराबाजी गरिएको छ ।

प्रदर्शनमा महिलाहरुको उल्लेख्य सहभागिता रहेको थियो । मुलुकका विभिन्न ठाउँमा एक समुदायबाट हिन्दु माथी हिंसाको गतिविधी बढेकाले त्यसलाई रोक्न र नेपाललाई हिन्दु राष्ट्र घोषणाका लागि दबाब दिन जनजागरण अभियान अन्तरगत प्रदर्शन गरिएको अभियानका राष्ट्रिय अध्यक्ष बिनय यादवले बताए ।

हिन्दु धर्मावलम्बीमाथी एक पछि अर्को आक्रमणका घटना हुन थालेपछि यसलाई रोक्न सरकारलाई दबाब तथा हिन्दुवादीलाई संगठित गर्न जनजागरण अभियान चलाइएको अभियानकी राष्ट्रिय उपाध्यक्ष सुनिता साहले बताइन् ।

प्रदर्शन पश्चात् अभियानकी जिल्ला अध्यक्ष सुनिता चौधरीको अध्यक्षतामा आयोजित सभाका सहभागिहरुले हिन्दु राष्ट्र कायम तथा हिन्दु धर्मको संरक्षणका लागि अभियानलाई देशैभर घनिभुत ढंगले अघि बढाउनु पर्नेमा जोड दिएका थिए ।

# वाइ वाइ यु १९ मधेश प्रदेश छनोट खेलमा सप्तरी बिजय

**राजबिराज**/रौतहटमा जारी वाई वाई यु - १९ मधेश प्रदेश क्रिकेट (पुरूष) छनोट क्रिकेट प्रतियोगितामा सिरहालाई ५ बिकेटले पराजित गर्दै सप्तरीको बिजय भएको छ ।

शनिवार रौतहटको पिपरा खेलमैदानमा सिरहाले टस जितेर २४ ओभर २ वलमा १० बिकेट गुमाई १ सय ४ रनको योगफल खडा गरेका थिए ।

जसमा रिषब कार्की २७ रन, मनोज यादब अबिजित १२ रन र कुश कुमार मण्डल १० रन बनाएका थिए । बलिंग तर्फ सप्तरीका अभिषेक कार्कीले घातक बलिंग गर्दै ५ बिकेट लिए भने मो. सकिम २ बिकेट र अजय यादब/पप्पु यादब १/१ बिकेट लिएका थिए ।

जवाफमा सप्तरीले २४ ओभर ५ बलमा ५ बिकेट गुमाई बिजय हात पारेका थिए । जसमा पप्पु यादबले उत्कृष्ट ब्याटिंग गर्दै नट आउट खेलपछि जित सहज भएको थियो । यसैगरी भोला साह २८ रन र राज बर्माले १४ रन बनाएका थिए ।

यता बलिंग तर्फ सिरहाका अफरूद्दिन रायन २ बिकेट र मनोज यादब १ बिकेट लिएका थिए । उक्त खेलको म्यान अफ दि म्याच सप्तरीका अभिषेक कार्की घोषित भएको सप्तरी क्रिकेट संघ अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिए ।


उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन निर्देशन

**राजविराज**/निर्वाचन आयोगले सखुवानान्कारकट्टी गाउँपालिका सिराहाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत राजिव कुमार झा र सुखीपुर नगरपालिकाका नगरप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत चन्द्रेश्वर प्रसाद यादवलाई मतदाता शिक्षाा कार्यक्रम सञ्चालन नभएकोमा मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन निर्देशन दिएको छ ।

नेपालको संविधानको धारा २४७ मा "यस संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनेछ" भन्ने व्यवस्था छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ र ८ मा आयोगले निर्वाचनको कामको लागि स्थानीय सरकारको सहयोग लिन सक्ने र सो उपलब्ध गराउनु स्थानीय तहको कर्तव्य हुने भनी उल्लेख भएको छ । निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० को उपदफा (१) मा "आयोगले निर्वाचन सञ्चालन गर्ने सम्बन्धमा कुनै निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ" भन्ने व्यवस्था छ ।

उपरोक्त व्यवस्था बमोजिम मतदाता शिक्षा कार्यक्रम सञ्चालन नभएको भए उक्त कार्यक्रम यथाशिघ्र सञ्चालन गरी पत्र प्राप्त भएको २४ घण्टाभित्र आयोगमा जानकारी गराउन निर्देशन दिएको हो ।

# गोरुगाडा दौड प्रतियोगिता सम्पन्न



**राजविराज**/सप्तरीको खडक नगरपालिका वडा नं. ११ र बोदेबरसाईन नगरपालिका वडा ५ मा पर्ने खडक नदिमा संचालित कात्तिक मास मेलामा शनिबार गोरुगाडा दौड प्रतियोगिताको आयोजना गरिएको छ ।

कृषि पेसामा यान्त्रिकरणको बिकास भएसँगै गाउँदेहातमा गोरु पालन गर्न छाडेपछि मेलासमितिले प्रतियोगिताको आयोजना गरेको हो ।

गोरुगडा दौड प्रतियोगितामा सप्तरी बलानबिहुल गाँउपालिका वडा नं. २ दिघियाका कृषक जिवछ प्रसाद यादवको बैलगाडा प्रथम स्थान प्राप्त गरे । प्रथम स्थान प्राप्त गर्दै २ तोला चाँदीको मेडल, एक जोडी घुघुर, बालटिन, ३० केजि पिना र गमछा पुरस्कार प्राप्त गरे ।

त्यसैगरी प्रतियोगितामा बोदेबरसाइन नगरपालिका वडा नं. ३ गौराका कृषक मुकेश सहनेगिया यादवले दोस्रो स्थान प्राप्त गर्दै १ तोला चाँदीको मेडल, २५ केजि पिना, एक जोड घुघुर, बालटिन र गमछा पुरस्कार पाए ।

यसैगरी बोदेबरसाइन नगरपालिका वडा नं. १ डहवारीका महेन्द्र यादवको गोरुगडाले तेस्रो स्थान प्राप्त गर्दै २० केजि पिना, एक जोड घुघुर, बालटिन र गमछा पुरस्कार पाए ।

पुरस्कृत गोरुगडा धनिलाई बोदेबरसाइनका मेयर आतिश सिहं यादव र बोदेबरसाइन वडा न ५ का वडाअध्यक्ष रामप्रसाद रामले पुरस्कार तथा प्रमाणपत्र बितरण गरेका थिए ।

मेला समितका अध्यक्ष जिवछ यादवको अध्यक्षता सम्पन्न कार्यक्रममा ११ जना गोरुगाडा प्रतियोगितामा सहभागी रहेको थियो । गोरुगडा प्रतियोगितामा आम कृषकलाई गोरु पालप्रति आकर्षन बढाउने उदेश्य रहेको समितिको भनाई छ । गत वर्ष कात्तिक मास स्नान मेलामा गोरुगडा प्रतियोगितामा ६ जना सहभागी थिए ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*